BRITISH COUNCIL 60 YEARS IN NEPAL

storycycle

काठमाडौँ महानगरपालिका
वडा नं ११



# वाग्मती प्रोमेनाड


नदी मार्फत सहरको रूपान्तरण

# भूमिका

अस्वीकरण: कृपया ध्यान दिनुहोला, यस पुस्तिका भित्र रहेका केही जानकारीहरू अभिलेखको अभावमा मौखिक इतिहासमा आधारित छन् । त्यसै गरी पुस्तिकामा कुनै प्रामाणिक रेकर्ड नभएका पौराणिक कथाका सन्दर्भहरू पनि छन् ।

ने मुनी, एक ऋषि जसको नामबाट नेपाल नाम रहन गएको भन्ने विश्वास गरिन्छ, ले प्राचीन इतिहास (ईशापूर्व १४००-८००) मा रेकर्ड भए अनुसार पापमोचनको रूपमा र पवित्र वाग्मती प्रति श्रद्धा बढाउन कटुवालबाट बागद्वारसम्म १७ दिने पद यात्रा (सम्पदा यात्रा) आरम्भ गरे । काठमाडौं उपत्यकाका मानिसहरूले शताब्दीयौंदेखि नदीको पूजा गरिरहेका छन् । तीर्थ (दुई वा दुईभन्दा बढी नदीहरूको संगम) मा सुरु भएको सामाजिक-आर्थिक गतिविधिहरू अब वर्षभरि मनाइने वार्षिक चाडपर्वमा विकसित भएका छन् । दाहसंस्कारका लागि धनी र शासक वर्गले नदीको किनारमा निर्माण गरेका विश्राम गर्ने ठाउँ, मन्दिर र घाटहरू दीर्घकालसम्म उपयोगी बनेका छन् ।

टेकूदेखि थापाथली सम्मको १.५ किलोमिटर लामो नदीको तट आफ्नो ३,००० वर्षको इतिहासमा सफा रह्यो तर १९५० को दशकको उत्तरार्धमा 'आधुनिक विकास' सँगै प्रदूषित हुन थाल्यो । अनियोजित सहरीकरणले नदीलाई फोहोरको दुर्गन्ध आउने नदीमा परिणत गरेको छ ।



By: Toni Hagen

# सारांश

वाग्मती प्रोमेनाड, वाग्मती  नदीको किनार थापाथलीदेखि टेकू दोभानसम्मको ऐतिहासिक तथा सांस्कृतिक पद यात्रा स्टोरी साइकल र ब्रिटिश काउन्सिलद्वारा उक्त क्षेत्रमा बसोबास गर्ने, काम गर्ने वा नदीसँग विशेष सम्बन्ध भएका व्यक्तिहरूसँग मिलेर डिजाइन गरिएको हो । इतिहास, धर्म एवं सामाजिक जीवनका कथाहरू र आधुनिक समाजसँग तिनका सम्बन्ध जोडेर यस यात्राको कल्पना गरिएको छ । यात्राले सबै क्षेत्रका मानिसहरूलाई एकजुट बनाएको छ र धेरै जानकारी एक ठाउँमा ल्याएको छ ।

कथा र नक्सांकन विधि मार्फत यस क्षेत्रलाई पुनर्जीवित गर्ने तथा पुनर्स्थापित गर्ने प्रयास स्वरूप यस पद यात्राको पहल गरिएको हो । समयक्रम सँगै पद यात्राले अन्य विधिहरू अपनाउने अपेक्षा गरिन्छ जस्तो कि निर्देशित पर्यटन र जागरूकता पद यात्रामा सम्पदा विज्ञहरू तथा कलाकारहरूले उक्त क्षेत्रको महत्त्व उजागर गर्न र प्रकाश पार्न मद्दत गर्नेछन् । यस क्षेत्रको सेल्फ-गाइडेड डिजिटल र अफलाइन "पर्यटक ट्रेल" नक्सा वा पैदलबाटो तयार गरिएको छ जसले इच्छुक व्यक्तिहरूलाई सम्पदा पदयात्रा गर्न मद्दत गर्नेछ ।

# पृष्ठभूमि

स्टोरीसाइकलद्वारा डिजाइन गरिएको अभियान ड्रीमसिटीले प्रविधिको प्रयोगको माध्यमबाट स्थानीय युवा तथा समुदायहरूलाई उनीहरूका स्थान डिजाइन गर्न तथा जीवन्त बनाउन सक्रिय सहभागिताका लागि सशक्त बनाउने कुरामा ध्यान केन्द्रित गर्छ । अभियानले प्रतिभालाई आकर्षित गर्ने, प्रोत्साहित गर्ने एवं संरक्षण गर्ने, आर्थिक अवसरहरू विस्तार गर्ने र मजबुत नागरिक संलग्नताको संस्कृति निर्माण गर्न ध्यान दिन्छ । स्टोरी साइकलले दमौली, सुर्खेत, बारपाक, सप्तरी, सिन्धुली र खुम्बु क्षेत्रलगायत देशका विभिन्न ग्रामीण तथा अर्ध-सहरी क्षेत्रहरूमा विभिन्न यात्रा र आवासीय शिविरहरू सञ्चालन गरिसकेको छ । स्टोरी साइकलले ब्रिटिश काउन्सिलसँग मिलेर कथा एवं नक्सांकनको माध्ययमबाट युवाहरूलाई सम्पदा संरक्षणमा संलग्न गराएर थापाथलीदेखि टेकू दोभानसम्म अभियानको नेतृत्व गरिरहेको छ ।

स्टोरी साइकल, नेपाल स्थित एक सृजनशील वैकल्पिक मिडिया प्लेटफर्म हो, जसले ग्रामीण क्षेत्रका थाहा नपाइएका र नसुनिएका कथाहरू संकलन गर्ने तथा प्रचार गर्ने साथै ती कथा संकलन गर्न, प्रस्तुत गर्न र प्रचार प्रसार गर्न व्यावसायिक पत्रकारहरूको साथसाथै ओझेलमा परेको क्षेत्रका नागरिक पत्रकारहरूलाई प्रशिक्षण दिने उद्देश्य लिएको छ ।


खड्ग

## वाग्मती र काठमाडौंको सभ्यता

काठमाडौंको सभ्यताको इतिहास वाग्मती नदी र यसका सहायक नदीहरूबाट सुरु हुन्छ । इच्छुमती वा टुकुचा नदीको वाग्मती नदीसँग कालमोचन घाटमा मिलन हुन्छ र धार्मिक ग्रन्थका अनुसार, यो नदी सत्य युगमा मन्जुश्रीले स्थापना गरेका विश्वास गरिएको पहिलो सहर मञ्जपाटनको विस्तारित सीमाको आसपास पानीको स्रोत हुने गर्थ्यो ।

वाग्मती र विष्णुमती नदीको संगम टेकू दोभानमा ने मुनीको घर थियो जसले नदीको किनारमा पैदल यात्रा गरेर पानीको महत्त्व बुझ्न सहयोग पुर्याए । इस्वी संवत् ७२४ मा राजा गुणकामदेवले काठमाडौं सहरलाई यसको दक्षिणी सीमा टेकू दोभान मध्यवर्ती क्षेत्रको रूपमा कायम गरेर तरवार "खड्ग" को आकारमा स्थापना गरेमा धार्मिक महत्त्व रहने महसुस गरे ।





फोटो - टोनी हेगन

टेकू दोभान काठमाडौं सहरको दक्षिणी प्रवेश बिन्द बन्यो । यस क्षेत्र व्यापारीहरू बीच लोकप्रिय थियो जसले यहाँ विश्राम गर्नको लागि ठाउँ उपयोग गर्थे । यहाँ मानिसहरू नुहाउथे, मृतकको सम्झनामा धार्मिक संस्कार गर्थे र आगन्तुकहरू सहरमा प्रवेश गर्नु अघि आफूलाई शुद्ध पार्थे ।


टेकू दोभान र थापाथली क्षेत्रमा १० भन्दा बढी घाटहरू, थुप्रै शवदाहगृहहरू, सत्तलहरू (विश्राम गर्ने ठाउँहरू) र मन्दिरहरू रहेका छन् र यो क्षेत्र एउटा जीवित संग्रहालय हो ।

वाग्मती

# वाग्मती  नदी र यसका सहायक नदीहरू

वाग्मती  नदीको उद्गमस्थल काठमाडौंदेखि १५ किलोमिटर उत्तर पूर्वमा अवस्थित शिवपुरी डाँडाको बागद्वारमा रहेको छ । यसका सहायक नदीहरू उपत्यकाका विभिन्न स्थानबाट सुरु हुन्छन् ।

काठमाडौं उपत्यकाको सहरीकरण नदी प्रणालीसँग जोडिएको छ । यसको प्रत्यक्ष प्रभाव खास गरी वाग्मती  नदीको साथै यसका सहायक नदीहरूमा पनि देखिन्छ ती नदीलाई सबै प्रकारको फोहोर डम्पिङ साइटका रूपमा र जमिन अतिक्रमण साथै बालुवा उत्खननको लागि प्रयोग गरिन्छन् । यहाँका बासिन्दाहरूको अनुसार नदीमा पाइने गरेका माछाको लगभग आधा जसो प्रजातिहरू हराइसकेका छन् र यसले नदी प्रणालीको केही भाग जैविक दृष्टिले मृत छ भन्ने देखाउँदछ । नदी आसपास बसोबास गर्ने केही समुदायले पानीको अभावमा उपत्यकाका नदीको प्रदूषित पानीलाई विभिन्न प्रयोजनका लागि उपयोग गर्न बाध्य बनेका छन् र उनीहरू पानीजन्य रोगहरूको जोखिममा छन् ।







टुकुचा नदीलाई इच्छुमती नदी पनि भन्ने गरिन्छ। उपत्यका भित्र पर्ने महाराजगञ्ज उद्गमस्थलबाट सुरु भएर यो नदी थापाथलीको कालमोचन घाटमा वाग्मती  नदीसँग मिल्छ। आजकाल यो खुला नालीभन्दा बढी केही होइन। नदी क्षेत्रको अधिकांश भाग सुकुम्बासी र आवासीय भवनहरू, सडक निर्माण इत्यादिद्वारा अतिक्रमण भएको छ। केही खण्डमा जस्तै राज दरबारदेखि कमलादीसम्म भवनहरू मुनि हुँदै नदी बग्दछ।


नदी क्षेत्रमा फोहर मैला फाल्ने र नजिकैका घरहरूबाट प्रयोग भइसकेको फोहोर पानी मिसाउने गरिन्छ। नदी वहने मार्ग साँघुरो भएकाले किनारहरू छैनन्, फोहोर सिधै नदीमा फालिन्छ।

बिष्णुमती नदी वाग्मती  नदीको प्रमुख सहायक नदी हो। यो नदी शिवपुरी स्थित उद्गमस्थल विष्णुद्वार (२३०० मिटर) बाट दक्षिणतिर बग्छ। विष्णुमती नदी टेकू दोभानमा वाग्मती नदीसँग मिल्छ। ठूलो मात्रामा विष्णुमतीको पानी पिउने पानी र घरेलु उपयोगको लागि उद्गमस्थल नजिकै रहेको पहाडको फेदबाट लगिएको छ। साङ्ला खोला र महादेव खोला जस्ता सहायक नदीहरूबाट पनि पानी लगिएको छ। यस बाहेक, नदीबाट व्यक्तिका घरहरूमा सिधै पानी तान्नको लागि पाइपहरू बिछ्याइएका छन्।

हरि प्रसाद शर्माको बाल्यकालको सम्झनामा आधारित वाग्मती  नदीको यस चित्रले ललितपुरको राज तीर्थबाट देखिएको एक सय वर्षभन्दा पुरानो स्वच्छ तथा पवित्र वाग्मती नदी चित्रण गर्दछ। चित्रमा नागार्जुन पहाड स्वयम्भूनाथ र अन्य धेरै पहाडहरूमा फैलिएको देखिन्छ। प्राकृतिक वनले पहाडहरू ढाकेका छन्, सेता बादल शरद ऋतुको सफा आकाश माथि उडेका देखिन्छन्। हनुमान घाट, पचली घाट, तीन–देवल र वाग्मती  तथा बिष्णुमतीको संगमस्थलमा रहेको टेकू दोभान घाटले काठमाडौं तर्फको  वाग्मती  नदी किनारमा तटबन्धको काम गरेका छन्।  टेकू घाटको कृष्ण मन्दिर नजिकै चितामा जलाइदै गरेको अन्त्येष्टि कार्य देखिन्छ। मनसुनपछि वाग्मती  नदीमा हालिएको अस्थायी पुलले ललितपुर र काठमाडौंका यात्रुहरूलाई आउन जान सहज बनाएको छ। एउटी महिलाले जल अर्पण गर्न भाँडोमा पानी भरिरहेकी छिन्, उनका पति भने श्राद्ध गर्दै छन्, पुण्यतिथि, पितृका निम्ति गरिने तर्पण। नेवार जातिको एक उत्सव “दुकू दियो पूजा” मा एकजना वाद्यवादकको नेतृत्वमा नैवेद्य चढाउदै घाटको बाटो भएर एउटा सानो शोभायात्रा अगाडि बढिरहेको देखिन्छ। अन्य भक्तजन तथा साधुसन्त पवित्र स्नान गरिरहेका छन् र पवित्र वाग्मती  नदीमा नैवेद्य चढाइरहेका छन्।



आर्ट : हरि प्रसाद शर्मा




# बागमती प्रोमेनाड

थापाथली - टेकू

लम्बाई - २ कि.मि

१ भकारी

२ थापाथली चेस पार्क

३ अखडा

४ कालमोचन मन्दिर

५ त्रिपुरेश्वर महादेव

६ चन्द्र घाट

७ आँखा अस्पताल

८ पुर्णेश्वर मन्दिर

९ पुरेत घाट

१० हनुमान घाट

११ तीन देवल


१२ पचली भैरव

१३ लक्ष्मेश्वर महादेव

१४ झोलुङ्गे पुल

१५ राधा कृष्ण मन्दिर

१६ टेकू दोभान



## सम्पदा क्षेत्रहरू

थापाथलीदेखि टेकू दोभान जाने नदीको किनारमा हिंड्दा तपाईंले महत्त्वपूर्ण सम्पदा क्षेत्रहरू देख्नुहुनेछ ।

०१

### १ नंम्बर भकारी

घाटको विकास श्री ३ जङ्ग बहादुर राणाले गरेका थिए। उनले घाटमा बनाएका भाकारीहरुमध्येको पान्चायन मन्दिर नजिकै वाग्मती किनारमा रहेको भाकारीलाई स्थानीयहरु १ नंम्बर भकारी नामले चिन्दछन्।

०२


### थापाथली चेस पार्क

थापाथली चोक र कालमोचन मन्दिरको बीचमा चेस पार्क रहेको छ जुन ३० वर्ष अघि मोरङ जिल्लाका भरत धिमालले सुरु गरेका थिए । त्यतिखेर, धेरै कम व्यक्तिहरू चेस खेल्न आउँथे तर अहिले क्लबले राष्ट्रिय स्तरका प्रतिस्पर्धीहरू उत्पादन गर्दछ ।

०३


### अखडा

जंग बहादुर राणाले शिवरात्रिमा नेपाल आउने हिन्दु तीर्थयात्रीहरूको लागि "मिनी काशी"निर्माण गरे जसलाई अखडा भन्ने नाम दिए, कुनै बेलाको उनको थापाथली दरबार परिसरभन्दा बाहिर रहेका अखडाहरू आज थापाथली पुल नजिकै रहेका छन् ।




**दशनामी अखडा**

शङ्कराचार्यका अनुयायीहरू दशनामी वा सन्यासी भनेर चिनिन्छन् अर्थात् सरस्वती, भारती, गिरी, पुरी, तिर्थ, आश्रम, वन, आरण्य, पर्वत र सागर । जंग बहादुरद्वारा निर्मित अखडा सन् १९३४ को भूकम्पले ध्वस्त पारेको थियो तर सन् १९३५ मा पुनर्निर्माण गरियो । यस अखडाको केन्द्रमा शिवालय रहेको छ र यसको संरक्षण गुठीले गर्छ ।



**उदासी अखडा**

जंग बहादुरद्वारा निर्मित र सन् १९३५ मा पुनर्निर्माण गरिएको यस अखडामा भगवान बद्री नारायण र गुरु ग्रन्थ साहेबमा समर्पित मन्दिरहरू रहेका छन् । मुख्य पुजारी वा अखडाको महन्तले उदासी सम्प्रदायका तीर्थयात्री, सन्त वा साधु काठमाडौं आएका समयमा उनीहरूलाई खाना र आश्रय प्रदान गर्छन् ।



**नाथ अखडा**

यस अखडामा समाधि (चिहान) सहितको मन्दिर र गुरु गोरखनाथको गद्दी (प्रार्थना बैठक) रहेका छन् । विशेष गरी मकर सङ्क्रान्ति पर्वको अवसरमा गुरु गोरखनाथ प्रति श्रद्धा व्यक्त गर्न श्रद्धालुहरू यस मन्दिरको भ्रमण गर्छन् ।



**वैरागी अखडा**

जंग बहादुरद्वारा निर्मित वैरागी अखडाले वैरागी सम्प्रदायका साधु र सन्तहरूलाई खाना र आश्रय प्रदान गर्दछ ।अखाडा भित्र वैरागी सम्प्रदायका दुई ठूला सन्तहरूको चिहान रहेका छन् । मुख्य पुजारीले अखडा र तीर्थयात्रीको रेखदेख गर्छन् ।

कालमोचन

# ०४

## जंग हिरण्य हेम नारायण मन्दिर

काठमाडौंको सबैभन्दा सुन्दर मन्दिरमध्ये एक यस मन्दिर जंग बहादुर राना र उनका रानीहरू हिरण्य र हेमको नामबाट राखिएको हो । यी नामका अन्त्यमा हिन्दु देवता विष्णुको अर्को नाम नारायण जोडिएको छ । यस मन्दिर जंग बहादुरले ईस्वी संवत् १८७४ मा थापाथली दरबार परिसरको रूपमा कालमोचन घाटमा निर्माण गरेका थिए । भनिन्छ, ईस्वी संवत् १८४६ मा कोत पर्वको क्रममा भएको हत्याको पाप मोचनका लागि उनले यो मन्दिर निर्माण गरेका थिए । कोत पर्वमा धेरै उच्च पदाधिकारीहरूको हत्या गरिएको थियो ।

मुख्य मन्दिर छवटा विभिन्न  मन्दिरले घेरिएको छ, मुगल वास्तुकलाको प्रभाव सँगै हिन्द वास्तुकला शैली एकसाथ रहेको छ ।पहिलो तलाको कार्नेसमा चार पौराणिक सिंहहरू छन् । मन्दिरको पूर्वमा विष्णुको वाहन गरुडको कांस्य मूर्ति छ र यसको नजिकै ढुङ्गाको स्तम्भमा जंग बहादुरको पूर्ण कदको सालिक रहेको छ । सन् २०१५ को भूकम्पले गम्भिर रूपमा क्षति पुर्याएको यस मन्दिरको अहिले पुनर्निर्माण कार्य भइरहेको छ ।

### कालमोचन घाट

टुकुचा नदी र वाग्मती  नदीको संगममा अवस्थित कालमोचन घाटलाई काल तीर्थ पनि भनिन्छ । संगममा नवहरेश्वर महादेवलाई समर्पित ईंटा र प्लास्टरको मन्दिर रहेको छ ।






## टुकुचा नदी

टुकुचा नदी उद्गमस्थल उपत्यकाको महाराजगञ्जबाट सुरु भइ कालमोचन घाटमा वाग्मती नदीसँग मिलन हुन्छ । यो सानो नदी जसलाई इच्छुमती नदी पनि भनिन्छ, वैदिक युगमा संकस्य नगरको भौगोलिक सीमा थियो । कालमोचन घाटसम्मको नियमित मार्गमा यो नदी धेरै घरहरू मुनि भएर बग्ने गर्दछ ।





## हुतराम वैद्य

वाग्मती नदी बचाउन आफ्नो जीवन समर्पण गर्ने कृषि इन्जिनियर तथा अभियन्ता हुन् हुतराम वैद्य । उनको प्रतिबद्धताको सम्मान गर्दै उनलाई “वाग्मती बा” पनि भन्ने गरिन्छ । प्राचीन तथा पवित्र वाग्मती नदी क्रमिक रूपमा काठमाडौंको फोहोर मैला बग्ने ढलमा परिणत भएको देखेर उनी नदी बचाउन आजीवन अभियानकर्ता बने ।

बैद्यले काठमाडौंवासी बीच वाग्मती नदीको पुनर्स्थापनाको आवश्यकता बारे प्रभावशाली विरासत छाडे र उनको सक्रियताले नदी र नदीका किनारहरू सफा गर्ने अभियान चलेको थियो ।

त्रिपुरेश्वर महादेव

०५

## त्रिपुरेश्वर महादेव

ईस्वी संवत् १८२२ मा आफ्नो स्वर्गीय पति राजा रण बहादुर शाहको स्मृतिमा रानी ललितत्रिपुरा सुन्दरीद्वारा निर्मित, त्रिपुरेश्वरको महादेव मन्दिर, १९ साना मन्दिरहरू र मठहरू सहितको वाग्मती क्षेत्रको सबैभन्दा ठूलो मन्दिर परिसर हो । रानीले त्यस समयमा राज गुठीले रेखदेख गर्ने गरी ७८१ रोपनी जग्गा दान गरिन् । त्यसपछि प्रधानमन्त्री चन्द्र शमशेर राणाले सत्तल र घाटहरू थपेर मन्दिर परिसर विस्तार गरे । यस मन्दिर सन् १९३४ को भूकम्पले क्षति पुर्याएपछि सन् १९३६ मा पुनर्निमाण गरिएको थियो ।

यस मन्दिरमा शिवरात्रि, बालाचतुर्दशी पर्व र श्रावण महिनामा श्रद्धालुहरूको भीड लाग्छ । सन् २०१५ को भूकम्पले फेरि भत्काएको मन्दिरको पुनर्निर्माण कार्य भइरहेको छ ।

आकर्षक गजुर सहित तामाको पाताले निर्मित तीन तलाको छाना भएको मन्दिर दक्षिण मोहडाको छ । मन्दिरको चार कुनामा पाञ्चायन देवदेवीहरू रहेका छन् । मन्दिरको अग्र भागमा रहेको एउटा ढुङ्गाको स्तम्भमा दुबै हात जोडेर अभिवादनको मुद्रामा बसेकी रानी त्रिपुरा सुन्दरीको पूर्ण कदको काँसको सालिक छ, जसमाथि सातवटा सर्पको टाउको भएको छाता रहेको छ । स्तम्भको जगमा ठूलो ढुङ्गाको कछुवा रहेको छ जसमा कवि पण्डित बनी बिलासका रचना शिलालेखमा रहेको छ ।



## ०६
## चन्द्र घाट
वाग्मती को सबैभन्दा लामो र सबैभन्दा ठूलो घाट परिसर चन्द्र घाट र मुशाफिर खाना चन्द्र शमशेरले निर्माण गरेका थिए । पूर्णेश्वर घाट भनेर पनि चिनिने यस घाट अहिले अञ्चल प्रहरी कार्यालयले आफ्नो ब्यारेकको रूपमा प्रयोग गर्दछ ।






## ०७
## नेपाल आँखा अस्पताल
आँखा उपचार सेवामा समर्पित नेपाल आँखा अस्पताल नेपालको पहिलो अस्पताल हो जुन सन् १९७३ मा स्थापना भएको थियो । यस ऐतिहासिक अस्पताल स्थापना हुनुभन्दा पहिले आँखा उपचार सेवा सरकारी स्वामित्वमा रहेको वीर अस्पतालमा केही बिरामीका लागि मात्र सीमित सेवा उपलब्ध थियो ।

## ०८
## पूर्णेश्वर महादेव
यस मन्दिर राजा राजेन्द्र बिक्रम शाहले ईस्वी संवत् १८२२ तिर राजा रण बहादुर शाहका रानीहरूको निर्वाणको लागि निर्माण गरेका थिए । यस मन्दिरको गुठीले मन्दिर परिसरमा दैनिक २०० घरबारविहीन / भिखारीहरूलाई खाने कुरा बाँड्ने गर्दथ्यो । सन् १९३४ को भूकम्पले ध्वस्त पारेको मन्दिर सन् १९४५ मा पुनर्निर्माण गरिएको थियो । यस मन्दिरको चौघेरा सत्तलमा लगभग ४० परिवार (२०० मानिस) बसोबास गरिरहेका छन् ।



## ०९
## पुरेत घाट
पुरेत घाटमा गैरीधाराका सत्याल परिवारले निर्माण गरेका ईंटा र प्लास्टरका तीनवटा ठूला मन्दिरहरू रहेका छन् । काँसको घण्टीमा लेखिएको शिलालेख अनुसार स्मारक ईस्वी संवत् १८८३ मा निर्माण भएको हो । नारायण मन्दिरको सिँढीमा राखिएको अर्को शिलालेख सन् १९१६ मा शिवराज सत्यालले निर्माण गरेका हुन् । पूर्वी सीमामा अर्याल घाट भनेर चिनिने अर्को मुख्य सत्तल रहेको छ ।

## १०
## हनुमान घाट
हनुमान घाटको नाम पश्चिम तर्फ फर्केको हनुमानको एउटा ठूलो ढुङ्गाको मूर्तिबाट रहन गएको हो । यस घाटमा रहेका राम मन्दिर र सत्तल बम बहादुर राणाका वंशज लगन टोलका मेजर जनरल यक्ष विक्रम राणाले पुनर्निर्माण गरेका थिए । मन्दिरमा भक्ति गीतहरू दिनमा दुई पटक गाउने गरिन्छ ।



By: Department of Archeology

## ११
## तीन देवल

यस मन्दिर बम बहादुर राणाले ईस्वी संवत् १८५० मा निर्माण गरेका थिए । त्यसबेला जंग बहादुर राणा युरोप भ्रमणमा रहेकाले बम बहादुर राणा कार्यवाहक प्रधानमन्त्रीको रूपमा रहेका थिए । बमबिकाटेश्वर महादेव मन्दिर पनि भनिने यस मन्दिर शिखर शैलीको टेराकोटा मन्दिर २० रोपनी जग्गामा फैलिएको छ । मन्दिर परिसरमा हिन्द देवीदेवता गणेश, विष्णु र शिवका अन्य साना मन्दिरहरू रहेका छन् ।

## १२
## पचली भैरव

आधुनिक शहरको दक्षिणी भागमा वाग्मती र विष्णुमति नदीहरूको संगम टेकु दोभान नजिकै रहेको छ काठमाडौंको सबभन्दा प्राचीन पंचली भैरव । यो काठमाडौं उपत्यकाको गंगा, वाग्मतीको दाहसंस्कार घाटको नजिक छ जुन खुल्ला पिपलको छहारीमुनि पचाली भैरव निहित छ ।

काठमाडौं उपत्यकाको सबैभन्दा प्रतिष्ठित देवीदेवताहरू मध्ये एक, पचली भैरव राजा गुण कामदेवले दक्षिणी सहरको प्रवेशद्वारमा द्वारपालको रूपमा स्थापना गरेका थिए । ती दिनहरूमा घर, मन्दिर र देवी घर त्रिकोणीय आकारमा बनाइन्थ्यो र भैरवको जस्तो आँखा र तरवार चित्रण गरिन्थ्यो । राजा अमर मल्लले ईस्वी संवत् १४४० मा १२ वर्षे भैरव नृत्य सुरु गरे जुन आजसम्म पनि कायम छ ।



### पचली घाट

हिन्दु,बौद्ध, सक्ता र वैष्णव सम्प्रदायको विविधता रहेको पचली घाट ढुङ्गे कलाको खुला संग्रहालय जस्तो छ । ५० मिटर लम्बाइको सानो क्षेत्रमा इतिहासको विभिन्न कालखण्डसँग सम्बन्धित ८० भन्दा बढी ढुङ्गाका विभिन्न मूर्तिहरू छन् ।

घाटमा रहेका धेरै विश्राम गृहहरूमध्ये ईस्वी संवत् १८२३ मा अम्बल बखु सिंहले निर्माण गरेका सत्तल पश्चिम दिशामा पर्दछ र पूर्वी मोहडामा अनिरुद्ध, धोज, भद्रा सिं, बल भद्र र नारायणले ईस्वी संवत् १९७५ मा अन्य सत्तलहरू निर्माण गरेका थिए । पचली भैरव जाने बाटोको दाहिनेपट्टि रामचन्द्रको सानो मन्दिर भएको सत्तलको निर्माण ईस्वी संवत् १९५१ मा टंगाल टोलका भगीरथ देवी मुल्मीले निर्माण गरेका थिए ।

लक्ष्मेश्वर महादेव

१३

## लक्ष्मेश्वर महादेव

शिलालेख अनुसार यस मन्दिर ईस्वी संवत् १८१३ मा रण बहादुर शाहकी रानी लक्ष्मी देवीले निर्माण गर्न लगाएकी थिइन् । रानीले दैनिक धार्मिक संस्कार तथा मन्दिरको सञ्चालनका लागि लुभू र ठिमीमा रहेको १०० रोपनी जग्गा दान गरिन् जुन अहिले राज गुठीको अधीनमा छ । चारै दिशामा सत्तलले घेरिएको यस तीन तले मन्दिर शाह कालका उत्कृष्ट नमूनामध्ये एक हो ।



१४

## कालो पुल

४०० फिट लामो कालो झोलुङ्गे पुल पेरिसबाट आयात गरिएको थियो । प्रधानमन्त्री जुद्ध शमशेर राणाले मार्च १९३९ मा पाटनका कृषक, माली र तरकारी विक्रेताको जीवन सहज बनाउन र काठमाडौंका बासिन्दाहरूलाई पचली घाटको सामुन्ने रहेको "राज तीर्थ" मा स्नान गर्नका लागि यो पुल खुला गरेका थिए ।





By: Department of Archeology

१५

## राधाकृष्ण मन्दिर

टेकू दोभानको सबैभन्दा सुन्दर मन्दिरमध्ये एक, वैष्णवी सम्प्रदायको यस शिखर शैलीको टेराकोटा मन्दिर ईस्वी संवत् १९३७ मा प्रधानमन्त्री देव शमशेरकी सौतेनी आमाले निर्माण गर्न लगाएकी हुन् । सन् २०१५ को भूकम्पले ध्वस्त भएको मन्दिर पुनर्निर्माणको क्रममा छ ।

टेकू दोभान



१६

## टेकू दोभान

टेकू दोभान वाग्मती  र बिष्णुमती दुई पवित्र नदीहरूको संगम हो । काठमाडौं उपत्यकाको बौद्ध समुदायमा चिन्तामणि तीर्थ भनेर पनि चिनिने, संगममा १० भन्दा बढी बौद्ध स्तुपा  वा चैत्यहरू छन् । यस क्षेत्र धैरै घाटहरू वा शवदाहगृहहरूले घेरिएको छ ।

यस क्षेत्र ने मुनी बसेका पवित्र स्थल हो । नदी किनारमा १६५ भन्दा बढी मन्दिरहरू रहेको वाग्मती नदीको पवित्र पानीको प्रशंसा गर्दै उनले १७ दिने सम्पदा पैदल यात्रा आरम्भ गरे ।

जगन्नाथ




By: Department of Archeology

### जगन्नाथ मन्दिर


वाग्मती  क्षेत्रको सबभन्दा ठूलो मन्दिर परिसरमध्ये एक यस शिखर शैलीको मन्दिरको मध्यभागमा कृष्ण, बलराम र सुभद्राको ढुङ्गाका मूर्तिहरू रहेका छन्। ईंटा बिछ्याइएको मध्यभाग आठ कुना भएको कौसीले घेरिएको छ जसमा २८ ठूला काठका खम्बाहरू छन् र मध्यभाग माथि ईंटाको साँघुरिदै गएको लामो शिखर छ। यस मन्दिर भव सिंह प्रधान वा तावदिक भारो र उनकी श्रीमती शिवलक्ष्मीले ईस्वी संवत् १७९२ मा निर्माण गरेका थिए।

# थापाथली दरबार

## थापाथली दरबार परिसर

प्रारम्भमा नैन सिंह थापाले निर्माण गरेका थापाथली थापाहरूको निवासस्थान हो । जंग बहादुर राणाले ईस्वी संवत् १८४८ मा वाग्मती नदीको उत्तरमा थप भवनहरू, चोकहरू र बगैंचा निर्माण गरेर आफ्ना मावली हजुरबाको दरबार परिसरलाई विस्तार गरे ।

यी वाग्मती नदीको छेउछाउमा रहेका भवनहरूका पुराना तस्वीरहरू हुन् जुन थापाथली दरबार परिसरको एक हिस्सा हुने गर्थे ।



फोटो - मदन पुरस्कार पुस्तकालय (म पु पु), पाटनढोका, ललितपुर





## समाधि - अन्तिम विश्राम स्थल

वाग्मती प्रोमेनाडले तपाईंलाई ३,००० बर्षको दाहसंस्कार इतिहास बारे जानकारी प्रदान गर्दछ । वाग्मती नदीका सहायक नदीहरू इच्छुमती र विष्णुमतीका बीचमा शवदाहगृहहरू रहेका छन् जसलाई विभिन्न शासकहरू तथा सर्वसाधरणको अन्त्येष्टिमा प्रयोग हुँदै आएको छ ।

यस समाधिक्षेत्रले नेपालमा विभिन्न समयमा अभ्यास गरिएका अन्तिम संस्कारका र अन्तिम विश्राम स्थल, समाधि प्राप्त गर्ने अभिप्रायले कसरी ती संस्कार निर्वाह गरिए भन्ने बारेमा जानकारी दिन्छ । महत्त्वपूर्ण ऐतिहासिक, सामाजिक तथा धार्मिक महत्त्व राख्ने स्मारकहरू आफैमा संग्रहालय जस्तै हुन् ।

**कालमोचन घाट** - राणा र शाह वंशजस्ता नेपालका आधुनिक शासकहरूका लागि यहाँ समाधि गरिन्थ्यो ।

**पचली घाट** - लिच्छवी कालमा श्रमिक वर्ग,अस्त्रमन्त्रिका, नाथ सम्प्रदायका सदस्यहरू र सिम्रौनगढका राजाहरूका लागि यस घाटमा समाधि गरिन्थ्यो ।

**टेकू दोभान** - श्रमिक वर्ग, आयुर्वेद अभ्यास गर्ने समुदाय र नेपालका गैर-निवासीहरूका लागि यहाँ समाधि गरिन्थ्यो ।

**अन्य घाटहरू** - वरपरका अन्य घाटहरू शाह राजवंशका पुजारीहरू, कैदीहरू, कर्मचारीहरू र मन्त्रीहरूको शवको दाहसंस्कारका लागि प्रयोग गरिएका छन् ।



१९९० को दशकमा बेलायती दूतावासले तत्कालीन सरकारसँग टेकू दोभान प्रोमेनाडको सामाजिक-सांस्कृतिक स्थिति अनुसन्धान सर्वेक्षण गर्न सहकार्य गर्यो । दूतावासले बेलायती र नेपाली इञ्जिनियरहरू र विज्ञहरूलाई विस्तृत अनुसन्धान गर्न नियुक्त गर्यो । अनुसन्धानको परिणामले यस क्षेत्रको सांस्कृतिक सम्पदाको संरक्षणका लागि टड्कारो आवश्यकताको महत्त्वलाई प्रकाश पार्यो । यसले ब्रिटिश काउन्सिललाई सहरको लागि ठूलो सामाजिक-राजनीतिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व रहेको प्रोमेनाड अझ बढी अन्वेषण गर्न अग्रसर गर्यो ।

नेपालमा ब्रिटिश काउन्सिलको ६० बर्षको सन्दर्भमा ब्रिटिश काउन्सिलले युवा सरोकारवालाहरूलाई नक्सांकन गर्ने अभ्यासमा संलग्न गर्न स्टोरी साइकलसँग साझेदारी गर्यो जसमा सम्बन्धित क्षेत्रको राजनीतिक एवं ऐतिहासिक कथाहरू अन्वेषण गर्दै कथा बुन्न अडियो / भिडियो, तस्बिरहरू र शब्दावली जस्ता उपकरणहरूको उपयोग गरिएको थियो । यो पुस्तिका यस क्षेत्रको पदयात्राका लागि मार्गदर्शक सामग्रीको रूपमा प्रयोग गर्न सकिने विश्वासका साथ स्टोरी साइकलले तयार गरेको हो ।

## ब्रिटिश काउन्सिल

ब्रिटिश काउन्सिल बेलायतमा प्रमुख कार्यालय रहेको सांस्कृतिक सम्बन्ध तथा शैक्षिक अवसर विस्तारका लागि स्थापित एक अन्तर्राष्ट्रिय संस्था हो । हामी बेलायत र नेपालका जनताबीच मैत्रीपूर्ण ज्ञान र बुझाइको विकास गर्छौं । यसका लागि हामी बेलायत र नेपालका जनताहरुका लागि अवसरको सिर्जना, सम्बन्ध निर्माण र आपसी सद्भाव एवम् विश्वासको विकासमार्फत जीवन परिवर्तनमा सकरात्मक योगदान गर्छौं ।

कला तथा संकृति, अंग्रेजी भाषा, शिक्षा र नागरिक समाजका क्षेत्रमा ब्रिटिश काउन्सिलले विश्वभर १०० भन्दा बढी मुलुकहरुमा काम गर्छ । हरेक वर्ष २ करोड मानिसमा प्रत्यक्ष र ५० करोड मानिससम्म अनलाइनका माध्यमबाट, खासगरी प्रकाशन र प्रशारणका माध्यमबाट, ब्रिटिश काउन्सिल पुग्ने गर्छ । बेलायतको रोयल चार्टर (शाही वडापत्र) र वेलायतको सार्वजनिक निकायअन्तर्गत सन् १९३४ मा स्थापित ब्रिटिश काउन्सिल एक बेलायती परोपकारी/च्यारिटी संस्था हो । ब्रिटिश काउन्सिलको धेरैजसो आय विभिन्न परियोजना, अंग्रेजी शिक्षण एवम् परीक्षा, शैक्षिक एवम् विकाससँग सम्बन्धित अनुबन्धका कार्यक्रम र सार्वजनिक–निजी संस्थाहरुसँगको साझेदारीबाट आर्जन हुने गर्दछ । ब्रिटिश काउन्सिलको समग्र वित्तीय लगानीको १८ प्रतिशत हिस्सा बेलायत सरकारबाट प्राप्त हुनेगर्छ । थप जानकारीका लागि www.britishcouncil.org.np मा जानुहोस् ।

थप जानकारीको लागि सम्पर्क

न्हूजा तुलाधर
कला अधिकृत
९८५१२२५७९१
Nhooja.Tuladhar@britishcouncil.org.np

निश्चल ओली
कला प्रबन्धक
९८५१२४९७८५
Nischal.Oli@britishcouncil.org.np

## हिरालाल तण्डुकार



काठमाडौं महानगरपालिका वडा नम्बर ११ का वर्तमान अध्यक्ष हिरालाल तण्डुकार एक समाजसेवी एवं वाग्मती सम्पदा संरक्षण अभियन्ता हुन्। २०५२ सालमा उनले काठमाडौं महानगरपालिका वडा नम्बर ११ को परिचय नामक एक पुस्तक समेत प्रकाशित गरेका छन्। उनी २०४६ सालदेखि निरन्तर वाग्मती बचाऊ अभियान (हुतराम वैद्य लगायत सम्पदाविद्, इतिहासविद्, बुद्धिजीवी तथा वाग्मती सम्पदामा चासो राख्ने नागरिकका समूह) मा सहजकर्ताको भूमिका निर्वाह गर्दै आएका छन्।

उनले वाग्मती पद मार्ग (थापाथली टेकू दोभान) लाई सार्वजनिक शौचालय, विश्रामस्थल आदि सहितको व्यवस्थित सम्पदा मार्गको रूपमा विकसित गर्ने उद्देश्य लिएका छन्।

### सन्दर्भ

साफल्य आमात्य (१९९४)
द वाग्मती : बिटविन टेकू एण्ड थापाथली- अ मोनुमेन्ट गाईड

जोन सान्डे (१९९३)
द टेकू थापाथली रिसर्च ग्रुप प्रोजेक्ट

कनेल, प्रकाश एण्ड ली, युङ सो एण्ड कनेल, सुशिल एण्ड प्रताप खान, सिद्धि (२००७) । एप्लिकेशन अफ वाटर क्वालिटी इन्डिसेस एण्ड डिजोल्भ्ड अक्सिजन एज इन्डिकेटर्स फर रिभर वाटर क्लासिफिकेसन एण्ड अर्बन इम्प्याक्ट असेसमेन्ट । इन्भिरोन्मेन्टल मोनिटरिङ्ग एण्ड असेसमेन्ट ।

प्रणय शमशेर जंग बहादुर राणा (२००७) । एन अनहोली होली रिभर ।
http://archive.nepalitimes.com/news.php?id=13742#.XTi52y2B2L4

आकाश माली: श्री पशुपतिनाथ टेम्पल
https://unsplash.com/photos/mGYUvtvu5Xw

Copyright © StoryCycle 2019

## CREDITS

Saurav Dhakal
Rosha Chitrakar
Sushil Dhakal
Prijun Koirala
Hiralal Tandukar
Sanjib Chaudhary
Dilli Rai
Badal Gyawali

storycycle
Gairigaun, Kathmandu, Nepal
+01-4112128
contact@storycycle.com
www.storycycle.com
www.dreamcities.org

# चाडपर्वहरू

### स्थानीय चाडपर्वहरू

वाग्मती  नदीको टेकू-थापाथली नदी किनारमा मनाइने केही महत्त्वपूर्ण चाडपर्वहरू निम्न अनुसार छन् ।

## मकरसङ्क्रान्ति

मकर वा माघे सङ्क्रान्ति एक प्राचीन पर्व हो जुन माघको पहिलो दिनमा वाग्मती  नदीलगायत नदीको संगममा स्नान गरेर मनाइन्छ । कुनै पनि धार्मिक समारोहहरू नगरिने अशुभ महिना पौषको अन्त्यसँगै श्रद्धालुहरू नाथ अखडाको भ्रमण गर्छन् ।





# महाशिवरात्रि

यस पर्व भगवान शिवको उपासना गर्न मनाइने एक वार्षिक हिन्द पर्व हो जुन नेपालभरि शिव मन्दिरहरूमा व्यापक रूपमा मनाइन्छ । यस दिन मन्दिर परिसरमा प्रार्थना र पूजाआजा गरिरहेका श्रद्धालुहरूको त्रिपुरेश्वर महादेव मन्दिरमा घुँइचो लाग्छ । वाग्मती  पुल मुनिका अखडाहरू विषेश रूपले वैरागी अखडा अचानक हिन्द भक्तजनहरू सँगै उल्लासमय बन्छ जब "गाँजा" सेवन एक दिनको लागि वैध हुन्छ !

# जनै पूर्णिमा

जनै पूर्णिमा, धागो उत्सव, भाद्र महिना पूर्णिमाको दिन पर्दछ । यस दिन वाग्मती र बिष्णुमती नदी (टेकू दोभान) को संगममा, वर्ग र जातको परवाह नगरी पुरुष, महिला तथा केटाकेटीहरूले डर र रोगको सुरक्षा प्रतीकको रूपमा आफ्नो नाडीको वरिपरि डोरो (एक पवित्र पहेलो धागो) बाँध्छन् ।

जनै पूर्णिमाको दिन शरीरमा ऊर्जा ल्याउन र चिसो भगाउन विभिन्न नौ गेडागुडीको परम्परागत सूप, क्वाँटी खाने चलन छ ।





# साउन महिना

श्रावण महिना सम्पूर्ण भारतीय उपमहाद्वीपमा धेरै महत्त्वपूर्ण छ किनकि यो दक्षिण-पश्चिम मनसुनको आगमनसँग जोडिएको छ ।

यो उपवासको महिना हो । असंख्य हिन्दहरू हरेक सोमबार शिवको नाममा वा हरेक मंगलवार पार्वतीका लागि उपवास बस्छन् । यस महिना मंगलबार बसिने उपवासलाई स्थानीय रूपमा "मंगला गौरी व्रत" भनेर चिनिन्छ । त्रिपुरेश्वर महादेव मन्दिरमा हरियो साडी र चुरा पहिरिएर पूजा गर्न आउने श्रद्धालुहरूको ओइरो लाग्ने गर्छ ।

# कृष्ण जन्माष्टमी

भगवान श्रीकृष्णको जन्म दिनलाई कृष्ण जन्माष्टमी भनिन्छ । यो हिन्दु धर्मको वैष्णव परम्पराको एउटा महत्वपूर्ण पर्व हो । यस दिन टेकूको कालो पुल नजिकै जगन्नाथ मन्दिर परिसरमा रथ उत्सव मनाइने हुनाले निकै घुँइचो लाग्छ ।

यस दिन, भक्तहरूले भागवत गीतामा वर्णन गरिएको भक्ति र असल कर्मको सिद्धान्तको उपयोगी ज्ञान प्रदर्शन तथा व्यवहारमा लागू गर्दछन् ।





# दसैँ-पचिमढ

दसैँ पर्व शक्तिको आराधना गरी १० दिनसम्म धूमधामसित मनाइन्छ । यो चाड पारिवारिक जमघटको लागि, साथै समुदायको सम्बन्ध नवीकरणका लागि पनि परिचित छ । काठमाडौं सहरको दक्षिणी भागमा बसोबास गर्ने मानिसहरूले दसैँको चौथो दिनलाई पचली भैरव जात्राको रूपमा मनाउने गर्दछन् जसलाई स्थानीय स्तरमा पचिमढ भनेर चिनिन्छ । यस दिन रातो र सेतो मदिराले भरिएको भैरवको प्रतीकको ठूलो धातुको भाँडो सहित स्तुति गाउँदै जात्रा निकालिन्छ । यस दिनलाई स्मरण गर्न एउटा विशेष भोज आयोजना गरिन्छ ।

# बालाचतुर्दशी

बालाचतुर्दशीका दिन पितृहरूको आत्मालाई स्वर्गमा सुरक्षित स्थान प्राप्त होस् भनी प्रार्थनाको रूपमा उनीहरूको सम्झनामा सतबीज छरिने चलन छ । यस विशेष दिन दिवङ्गत भएका आफ्ना पुर्खा प्रति श्रद्धा प्रकट गर्न आउने मानिसहरूको त्रिपुरेश्वर महादेव मन्दिरमा घुइँचो लाग्छ ।

